# गुलरिया नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ गुलरिया मिति : भाद्र २४ गते, २०८०

## भाग - २

**गुलरिया नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालयको सूचना**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुलरिया नगरपालिका नगरकार्यपालिकाको मितिः २०८०।०५।२४ गते स्वीकृत गरि जारि गरिएको **कार्यविधि**/ नियामावलि /निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## सम्बत् २०८० सालको कार्यविधि नं. ७

## किसान अस्थाई परिचय पत्र वितरण कार्यविधि-२०८०

**प्रस्तावनाः**

गुलरिया नगरपालिकाभित्र रहेका किसानहरुलाई व्यावसायिकताको आधारमा वर्गिकरण गरी किसान परिचय पत्र वितरण गर्न वाञ्छनीय भएकोले किसान अस्थाई परिचय पत्र वितरण कार्यविधि-२०८० स्वीकृत गरी लागु गरिएको छ ।

आज्ञाले

ओमकार शाह

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-१
## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम किसान अस्थाई परिचय पत्र वितरण कार्यविधि २०८० रहेको छ।यो कार्यविधि गुलरिया नगरपालिकाको कार्यापालिकाको बैठकले अनुमोदन गरेको मितिदेखि लागू हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "किसान" भन्नाले "कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिक सम्झनु पर्दछ र सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधी कृषि कार्यमा श्रम गर्ने नागरिक समेतलाई सम्झनु पर्छ" ।

(ख) "किसान अस्थाई परिचय पत्र" भन्नाले अनुसुची- ५ बमोजिमको ढाँचामा किसानलाई प्रदान गरिने परिचय पत्र सम्झनु पर्छ ।

(ग) "कृषि पेशा" भन्नाले कृषि, पशुपन्छी तथा मत्स्यजन्य वस्तुहरुको उत्पादन कार्यसँग सम्बन्धित पेशा सम्झनु पर्छ ।

(घ) वर्गीकरण भन्नाले दफा ३ बमोजिमको वर्गीकरण सम्झनु पर्छ ।

(ङ) स्थानीय तह भन्नाले गुलरिया नगरपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

(च) वडा कार्यालय भन्नाले गुलरिया नगरपालिका अन्तरगतका वडा कार्यालयलाई सम्झनुपर्छ ।

## परिच्छेद - २
## किसानको वर्गीकरण र परिचय पत्र वितरण प्रक्रिया

३. **<u>किसानको वर्गीकरण</u>** : किसानलाई फार्मको आकार र उत्पादन क्षमताको आधारमा ३ (तीन) वटा वर्गमाः व्यवसायिक, अर्धव्यवसायिक र निर्वाहमुखीमा वर्गीकरण गरिनेछ ।

४. **<u>निवेदन संकलन प्रक्रिया</u>** : (१) वडा कार्यालयले किसानहरुलाई अस्थाई परिचय पत्र लिने कार्यमा सहभागी हुन सुचना प्रकाशन गर्नेछ ।

(२) किसानले सम्बन्धित वडा कार्यालयमा अनुसूची-३ बमोजिमको फारम भरी अनुसूची-४ बमोजिमको निवेदन पेश गर्नेछ ।

५. **<u>दर्ता प्रक्रिया</u>** : (१) किसानहरुले पेश गरेको विवरणलाई अध्ययन गरी मापदण्ड पुरा गरेका किसानहरुको हकमा सम्बन्धित वडा कार्यालयले निवेदन दर्ता गर्नुपर्नेछ।

६. **<u>वितरण प्रक्रिया</u>** : दफा ५ बमोजिम दर्ता भएका किसानहरुलाई अनुसुची -५ बमोजिमको ढाँचामा वडा कार्यालयले किसान अस्थाई परिचय पत्र उपलब्ध गराउनेछ ।

७. **<u>परिचय पत्र अद्यावधिक तथा नवीकरण</u>** : किसान परिचय पत्र जारी भएको मितिले प्रत्येक १ वर्षको म्याद समाप्त भएपश्चात तीन महिना भित्रमा किसानले अनुसुची -३ बमोजिमको विवरण अद्यावधिक गरी सम्बन्धित वडा कार्यालयमा नै किसान परिचय पत्र नविकरण गर्नुपर्नेछ । किसानले आफुले चाहेका बखतमा समेत विवरण अद्यावधिक गर्न सक्नेछन् ।

## परिच्छेद - ३
## विविध

८. **<u>दर्ता तथा अद्यावधिक गर्ने शुल्क सम्बन्धी व्यवस्था</u>** : (१) यस कार्यविधि बमोजिम सम्बन्धित वडा कार्यालयमा किसानको विवरण दर्ता तथा अद्यावधिक गर्दा किसानले कुनै शुल्क तिर्नुपर्ने छैन ।

(२) परिचय पत्र वितरण संग सम्बन्धित अभियान संचालन तथा परिचय पत्र नविकरण कार्यको लागी बजेटको व्यवस्थापन गुलरिया नगरपालिकाको कार्यालयले गर्नेछ ।

९. **<u>अभिलेख राख्ने जिम्मेवारी</u>** : यस कार्यविधि बमोजिम किसान वर्गको विवरण तथा परिचय पत्रको अभिलेख सम्बन्धित वडा कार्यालयमा नै राखिनेछ।

१०. **<u>परिचय पत्र खारेजको व्यवस्था</u>** : किसानहरुले झुठो विवरण पेश गरी किसान अस्थाई परिचय पत्र लिएको पाईएमा परिचय पत्र खारेज गरिनेछ।यस परिचय पत्रको आधारमा प्राप्त सुविधाहरुको समेत प्रचलित कानुन बमोजिम असुल उपर गरिनेछ।

११. **<u>अनुगमन</u>** : यस कार्यक्रमको अनुगमन र मुल्याङ्कन सम्बन्धित वडा कार्यालय र गुलरिया नगरपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखाले गर्नेछ।

१२. **<u>बाधा अडकाउ फुकाउने</u>** : यस कार्यविधि कार्यान्वयनमा कुनै समस्या आएमा सो को निरुपण स्थानीय तहले गर्नेछ ।

१३. **<u>अनुसुचीमा हेरफेर</u>** : स्थानीय तहले आवश्यक परेमा अनुसुचीहरुमा हेरफेर गर्नेछ ।

१४. **<u>संशोधन</u>** : यस कार्यविधिको संशोधन सम्बन्धि सम्पूर्ण अधिकार स्थानीय तहको रहनेछ।

गुलरिया राजपत्र २०८०

## अनुसुची - १
### (दफा-३ संग सम्बन्धित)
### वर्गीकरण मापदण्ड कृषि संग सम्बन्धित व्यवसाय

| क्र.स | किसान को वर्ग | बालीको क्षेत्रफल | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | खाद्यान्न बाली | फलफुल | तरकारी / आलु | दलहन/ तेलहन | पुष्प | मसलाबाली | संरक्षित सरंचना | मौरी घार सङ्ख्या | च्याउ उत्पादन (वार्षिक के.जी.) | कैफियत (जगगा ठेक्का/ आफ्नो /अधिया के हो सो कुरा यस महल मा स्पष्ट उल्लेख गर्ने) |
| १ | निर्वाह मुखी | १० कठ्ठा भन्दा कम | १० कठ्ठा भन्दा कम | १.५ कठ्ठा भन्दा कम | १० कठ्ठा भन्दा कम | २ कठ्ठा सम्म | ५ कठ्ठा भन्दा कम | - | ५ वटा सम्म | अधिकतम २०० के.जी. सम्म | |
| २ | अर्धव्यवसायिक | १० - ३० कठ्ठा सम्म | १०-३० कठ्ठा सम्म | १.५-२.५ कठ्ठा सम्म | १० - ३० कठ्ठा सम्म | ३-१० कठ्ठा सम्म | ५-१५ कठ्ठा सम्म | ३०० वर्ग मिटर भन्दा कम | ६ देखी २५ | २०० के.जी १००० सम्म | |
| ३ | व्यवसायिक | ३० कठ्ठा भन्दा माथि | ३० कठ्ठा भन्दा माथि | २.५ कठ्ठा भन्दा माथि | ३० कठ्ठा भन्दा माथि | १० कठ्ठा भन्दा माथि | १५ कठ्ठा भन्दा माथि | ३०० वर्ग मिटर भन्दा माथि | २६ वटा भन्दा माथि | १००० के.जी. भन्दा माथि | |

**नोटः-**

१. प्राङ्गारिक खेती गरी प्रमाणिकरण प्राप्त गरिरहेका सबै किसान व्यवसायिक किसान हुनेछन ।

अनुसुची - २
(दफा-३ संग सम्बन्धित)
किसान वर्गीकरण मापदण्ड (पशुपन्छी तथा मत्सयसंग सम्बन्धित व्यवसाय)

| क्र. स. | किसानको वर्ग | पशुपन्छी संख्या/माछाको क्षेत्रफल | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई/भैसी | बाखा/भेडा | बंगुर | कुखुरा (ब्रोइलर) | कुखुरा (लेयर्स) | टर्की/हास/कालिज | मत्स्य क्षेत्रफल (हे) | कै |
| १ | निर्वाहमुखी | अधिकतम १ वटा | ५ वटा सम्म | १ माउ सहित १० वटा सम्म | ५० वटा सम्म | १००० वटा सम्म | ५ वटा सम्म | ०.५ भन्दा कम जलाशय | |
| २ | अर्धव्यवसायिक | १-५ वटा सम्म | १६-५० वटा सम्म | ५ माउ सम्म | ५०-१०० सम्म | १००१-५००० सम्म | ५-५० सम्म | ०.५-१ हे. भन्दा कम जलाशय | |
| ३ | व्यवसायिक | ५ वटा भन्दा माथि | ५१ वा सो भन्दा माथि | ५ माउ भन्दा माथि | १०० वा सो भन्दा माथि | ५००१ भन्दा माथि | ५० भन्दा माथि | १ हे. भन्दा माथि जलाशय | |

नोटः

१. ह्याचरी स्थापना गर्ने सबै किसान व्यावसायिक हुनेछन् ।
२. गाई/भैसी/भेडा/बाखा र बंगुर वयस्क संख्याको आधारमा गरिनेछ ।

## अनुसुची - ३
### (दफा-४, ५ र ७ संग सम्बन्धित)
### <u>दर्ता तथा नविकरण फारम</u>

फोटो

**किसान परिचय पत्र नं.ः..........**

नामः

ठेगानाः जिल्लाः पालिकाः

वडा नं.ः टोलः सम्पर्क नंः

मुख्य पेशाः

नागरिकता नं.ः जारी गर्ने जिल्लाः

| परिवार संख्या | १८ वर्ष मुनिका | १८ देखि ४५ वर्ष | ४६ देखि ६० सम्म | ६० भन्दा माथि | अपांग/अशक्त |
|---|---|---|---|---|---|
| महिला | | | | | |
| पुरुष | | | | | |

खेतीमा संलग्न परिवार संख्याः पूर्ण रोजगारः

आंशिक रोजगार संख्याः

<u>व्यवसायीक विवरणः</u>

| | बालीको नाम | क्षेत्रफल | अनुमानित उत्पादन (क्वी./गोटा) | अनुमानित आम्दानी (रु.) | संचालनमा आएको मिति |
|---|---|---|---|---|---|
| १ | **खाद्यान्न/ दलहन/तेलहन बाली** | | | | |
| १.१ | धान | | | | |
| १.२ | गहुँ | | | | |
| १.३ | मकै | | | | |
| १.४ | दलहन | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.५ | तेलहन | | | | |
| १.६ | मसलावाली | | | | |
| २ | आलु | | | | |
| ३ | हरियो तरकारी(काउली, बन्दा/परवल/करेला/काँक्रा/लौका/.........अन्य) | | | | |
| ४ | प्याज | | | | |
| ५ | पुष्प (फूल) | | | | |
| ६ | पशुपालन सम्बन्धि | | | | |
| ६.१ | बाख्रा/भेडा | | | | |
| ६.२ | गाई/भैंसी/गोरु/राँगा | | | | |
| ६.३ | कुखुरा/हाँस | | | | |
| ६.४ | मत्स्य | | | | |
| ६.५ | अण्डा | | | | |

आवश्यक रासायनिक मलको परिमाण (खेती गर्नेको हकमा) कुइन्टलः

जम्मा वार्षिक लगानी रु. वार्षिक कारोस्बार रु.

सरदर मासिक आम्दानि रु. पारिवारिक मासिक खर्च रु.

आगामी योजनाहरुः

१.

२.

प्रस्तुत गरिएका सबै विवरण सत्य हुन् , झुठाठहरिएमा कानून बमोजिम सहुँला, बुझाउँला । कृषि पेशा छाडेको १ महिना भित्र सम्बन्धित पालिकामा जानकारी गराउनेछु ।

किसान परिचय पत्रको लागि पेश गर्ने किसानको

नामः प्रमाणित गर्नेको सही छापः

सहीः वडाध्यक्षको नामः

मोबाईल नंः कार्यालयको छापः

गुलरिया राजपत्र २०८०

**अनुसूची -४**

**(दफा ४ संग सम्बन्धित)**

**निवेदनको ढाँचा**

मितिः.........।.......।.......

श्रीमान् वडाध्यक्ष ज्यु,
...........नं.वडा कार्यालय
गुलरिया, बर्दिया

**विषयः किसान अस्थाई परिचय पत्र सम्बन्धमा ।**

प्रस्तुत विषयमा मैले व्यवसायीक रुपले कृषि खेतीपाती (खाद्यान्न, पुष्प खेती, फलफुल, मसला बालि, मत्स्य, पशु, अण्डा) गर्दै आईरहेको हुनाले उत्पादन भएको कृषि वस्तुलाई सहज तरिकाले बजारीकरण गर्नका किसान परिचय पत्रको आवश्यकता परेकोले दर्ता तथा नविकरण फारम बमोजिमको विवरण भरि देहायका कागजात यसै साथ संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको सहीः
नामः
ठेगानाः
सम्पर्क नंः

संलग्न कागजातः

१. निवेदन
२. नागरिकताको प्रतिलिपि
३. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि (भएमा)
४. PAN मादर्ता भएको प्रमाणपत्रको प्रतिलिपि (भएमा)
५. किसान समूह सहकारीसंग आवद्ध भएको भए सो को प्रमाण पत्रको प्रतिलिपि
६. अन्य (जग्गाधनी लालपुर्जा/ जग्गा भाडामा लिएको भए करारनामा सम्झौता पत्र/भोगचलन गरेको भए जग्गाको आधिकारिक निस्सा)

गुलरिया राजपत्र २०८०

## <u>अनुसूची-५</u>

**गुलरिया नगरपालिका**
**GULARIYA MUNICIPALITY**
**नगर कार्यपालिकाको कार्यालय**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
**...................वडा कार्यालय**
**लुम्बिनी प्रदेश, नेपाल**
**गुलरिया, बर्दिया**

## <u>किसान अस्थाई परिचय पत्र</u>

किसान परिचय पत्र नं.:-

नाम :-

ठेगाना :- जिल्ला :- वडा :- टोल :-

किसानको मुख्य व्यवसाय :-

वर्ग :-

जारी मिति :-

अन्तिम मिति :-

सम्पर्क नं. :-

नागरिकता नम्बर र जिल्ला :-

राष्ट्रिय परिचय पत्र नं. :-

......................
.............................
किसानको सहि
प्रमाणित गर्ने

किसान वर्गीकरण

क - निर्वाहमुखी किसान ☐

ख - अर्धव्यवसायिक किसान ☐

ग - व्यवसायिक किसान ☐

कृषि उत्पादन सम्बधी विवरण

गुलरिया राजपत्र २०८०

जम्मा क्षेत्रफलः

| | बालीको नाम | क्षेत्रफल | उत्पादन (क्वी./गोटा) | प्रमाणित गर्ने वडा अध्यक्षको सही | कैफियत |
|---|---|---|---|---|---|
| १ | **खाद्यान्न/ दलहन/तेलहन बाली** | | | | |
| १.१ | धान | | | | |
| १.२ | गहुँ | | | | |
| १.३ | मकै | | | | |
| १.४ | दलहन | | | | |
| १.५ | तेलहन | | | | |
| १.६ | मसलावाली | | | | |
| २ | आलु | | | | |
| ३ | हरियो तरकारी(काउली, बन्दा/ परवल/करेला/काँक्रा/लौका/...........अन्य) | | | | |
| ४ | प्याज | | | | |
| ५ | पुष्प (फूल) | | | | |
| ६ | पशुपालन सम्बन्धि | | | | |
| ६.१ | बाख्रा/भेडा | | | | |
| ६.२ | गाई/भैंसी/गोरु/राँगा | | | | |
| ६.३ | कुखुरा/हाँस | | | | |
| ६.४ | मत्स्य | | | | |
| ६.५ | अण्डा | | | | |

यो परिचय पत्र कसैले पाएमा सम्बन्धित कार्यालय/जिल्ला प्रशासन कार्यालय वा नजिकको प्रहरी कार्यालयमा बुझाईदिनु होला ।